# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

## प्रदेश निजामती सेवा सातौं तहका (प्राविधिक/अप्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. २१४/२०८१-०८२** **मितिः-२०८१/०७/१४**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५ र ३६ बमोजिम सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८१/०८/१८ गते सम्ममा दरखास्त दिनु हुन सूचना गरिन्छ । ज्येष्ठताको गणना गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३८ (४) र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ६५ बमोजिम हुनेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट ppsc.gandaki.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्वन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

## उम्मेदवारहरूले दरखास्त पेश गर्दा ध्यान दिनुपर्ने विषयहरूः

१. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १९ र दफा ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने (यसका लागि सम्बन्धित कार्यालय प्रमुख प्रमाणित गरिएको कागजात पेश गर्नुपर्ने) ।
२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्ने। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र गण्डकी प्रदेशमा समायोजन भएको पत्र पेश गर्नुपर्ने।
५. ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने ।
६. कार्यक्षमताको आधारमा हुने बढुवाका आधारहरू गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३६ बमोजिम हुने।
७. बढुवाको लागि आवश्यक पर्ने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३२, दफा ३८ (४) र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ५७, ५८,५९ र ६५ बमोजिम हुनुपर्ने।
८. बढुवा सम्वन्धी अन्य व्यवस्था गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ बमोजिम हुने।

### (क) ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह, | पद संख्या |
|---|---|---|---|
| १. | २५/२०८१-८२ | इन्जिनियर, प्रदेश इन्जि., सिभिल, जनरल | १ |
| २. | २६/२०८१-८२ | इन्जिनियर, प्रदेश इन्जि., सिभिल, स्यानिटरी | १ |

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह, | पद संख्या |
|---|---|---|---|
| ३. | २७/२०८१-८२ | कृषि प्रसार अधिकृत, प्रदेश कृषि, कृषि प्रसार | १ |
| ४. | २८/२०८१-८२ | कृषि अर्थ विज्ञ, प्रदेश कृषि, एग्रि.इको. | १ |
| ५. | २९/२०८१-८२ | पशु चिकित्सक, प्रदेश कृषि, भेटेरिनरी | १ |
| ६. | ३०/२०८१-८२ | प्रशासकीय अधिकृत, प्रदेश प्रशासन, प्रशासन | ४ |
| ७. | ३१/२०८१-८२ | वन अधिकृत, प्रदेश वन, जनरल फरेस्ट्री | २ |
| ८. | ३२/२०८१-८२ | भू-संरक्षण अधिकृत, प्रदेश वन, स्वायल एण्ड वा.क. | १ |
| ९. | ३३/२०८१-८२ | शाखा अधिकृत, प्रदेश शिक्षा, शिक्षा प्रशासन | १ |
| १०. | ३४/२०८१-८२ | जनस्वास्थ्य अधिकृत, प्रदेश स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | १ |

**(ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह, | पद संख्या |
|---|---|---|---|
| १. | ३५/२०८१-८२ | इन्जिनियर, प्रदेश इन्जि., सिभिल, जनरल | १ |
| २. | ३६/२०८१-८२ | इन्जिनियर, प्रदेश इन्जि., सिभिल, स्यानिटरी | १ |
| ३. | ३७/२०८१-८२ | कृषि प्रसार अधिकृत, प्रदेश कृषि, कृषि प्रसार | १ |
| ४. | ३८/२०८१-८२ | बाली संरक्षण अधिकृत, प्रदेश कृषि, बाली संरक्षण | १ |
| ५. | ३९/२०८१-८२ | पशु चिकित्सक, प्रदेश कृषि, भेटेरिनरी | १ |
| ६. | ४०/२०८१-८२ | पशु विकास अधिकृत, प्रदेश कृषि, ला.पो.डे.डे. | १ |
| ७. | ४१/२०८१-८२ | प्रशासकीय अधिकृत, प्रदेश प्रशासन, प्रशासन | ३ |
| ८. | ४२/२०८१-८२ | लेखा अधिकृत, प्रदेश प्रशासन, लेखा | १ |
| ९. | ४३/२०८१-८२ | वन अधिकृत, प्रदेश वन, जनरल फरेस्ट्री | २ |
| १०. | ४४/२०८१-८२ | शाखा अधिकृत, प्रदेश शिक्षा, शिक्षा प्रशासन | १ |

**दरखास्त दस्तुरः** रु. १२००/- (एक हजार दुई सय रुपैया)

**दरखास्त दस्तुर बुझाउने स्थानः** राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१००००

**कार्यालय कोडः** २१०००३९०१४ (प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश)

**राजस्व शीर्षक नं.** १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्ने ।

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

**स्थानीय सेवाका सातौं तहका (प्राविधिक/अप्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना**

**सूचना नं. २१५/२०८१-०८२** **मितिः-२०८१/०७/१४**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३३ र ३४ बमोजिम सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८१/०८/१८ गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ । ज्येष्ठताको गणना स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३६ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० को नियम ६० बमोजिम हुनेछ। यसमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १० को उपदफा (१४) बमोजिम गण्डकी प्रदेश भित्रका स्थानीय तहका कर्मचारीहरू सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट ppsc.gandaki.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

**उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरूः**

१. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १९ र दफा ३१ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने (यसका लागि सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गरिएको कागजात पेश गर्नु पर्ने)।
२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर उल्लेख गर्नुपर्ने।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र गण्डकी प्रदेश भित्रको स्थानीय तहमा समायोजन भएको पत्र पेश गर्नुपर्ने ।
५. ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३३ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने ।
६. कार्यक्षमताको आधारमा हुने बढुवाका आधारहरू स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३४ बमोजिम हुनेछ।
७. बढुवाको लागि आवश्यक पर्ने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३०, दफा ३६(४) र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ५३, ५४, ५५ र ६० बमोजिम हुनुपर्ने।
८. बढुवा सम्वन्धी अन्य व्यवस्था स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० बमोजिम हुनेछ।

**(क) ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह, | पद संख्या |
|---|---|---|---|
| १. | ४५/२०८१-८२ | इन्जिनियर, स्थानीय इन्जिनियरिङ, सिभिल | २ |

प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह, | पद संख्या |
|---|---|---|---|
| २. | ४६/२०८१-८२ | नापी अधिकृत, स्थानीय इन्जिनियरिङ, सर्भे | १ |
| ३. | ४७/२०८१-८२ | कृषि अधिकृत, स्थानीय कृषि | ४ |
| ४. | ४८/२०८१-८२ | पशु चिकित्सक, स्थानीय कृषि, भेटेरिनरी | १ |
| ५. | ४९/२०८१-८२ | प्रशासकीय अधिकृत, स्थानीय प्रशासन, प्रशासन | २ |
| ६. | ५०/२०८१-८२ | शिक्षा अधिकृत, स्थानीय प्रशासन, शिक्षा प्रशासन | २ |

**(ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह, | पद संख्या |
|---|---|---|---|
| १. | ५१/२०८१-८२ | इन्जिनियर, स्थानीय इन्जिनियरिङ, सिभिल | २ |
| २. | ५२/२०८१-८२ | कृषि अधिकृत, स्थानीय कृषि, | ४ |
| ३. | ५३/२०८१-८२ | पशु विकास अधिकृत, स्थानीय कृषि, ला.पो.एण्ड डे.डे. | १ |
| ४. | ५४/२०८१-८२ | पशु चिकित्सक, स्थानीय कृषि, भेटेरिनरी | १ |
| ५. | ५५/२०८१-८२ | प्रशासकीय अधिकृत, स्थानीय प्रशासन, प्रशासन | २ |
| ६. | ५६/२०८१-८२ | प्रशासकीय अधिकृत, स्थानीय प्रशासन, लेखा | १ |
| ७. | ५७/२०८१-८२ | शिक्षा अधिकृत, स्थानीय प्रशासन, शिक्षा प्रशासन | २ |

**दरखास्त दस्तुरः** रु. १२००/- (एक हजार दुई सय रुपैया)

**दरखास्त दस्तुर बुझाउने स्थानः** राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१००००

**कार्यालय कोडः** २१०००३९०१४ (प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश)

**राजस्व शीर्षक नं.** १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्ने ।

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

## प्रदेश निजामती सेवा र स्थानीय सेवाका सातौं तहका (प्राविधिक/अप्राविधिक) पदहरूको अन्तर तह, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. २१६/२०८१-०८२** **प्रकाशन मितिः-२०८१।०७।१४**

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका देहायका समूह, उपसमूह र तहका पदको अन्तर तह, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली http://onlineppsc.gandaki.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ।प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका अन्तर तह, खुला तथा समावेशी प्रतियोगिताका परीक्षा एकीकृत रुपमा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको प्राथमिकताक्रम अनुसार नियुक्तिको लागि प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

### क. सातौं तहका प्राविधिक पदहरू

| क.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | ७००१/२०८१-८२ | इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | प्रदेश | अन्तरतह | १ | २०८१।०९।०९ विहान ८.०० बजे | २०८१।०९।१० विहान ८.०० बजे |
| २. | ७००२/२०८१-८२ | इन्जिनियर, इन्जि., सिभिल, जनरल | प्रदेश | खुला | १ | | |
| | | इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | | | १ | | |
| | | इन्जिनियर, इन्जि., सिभिल | स्थानीय | खुला | २ | | |
| ३. | ७००३/२०८१-८२ | इन्जिनियर, इन्जि., सिभिल | स्थानीय | महिला | १ | | |
| ४. | ७००४/२०८१-८२ | इन्जिनियर, इन्जि., सिभिल, जनरल | प्रदेश | दलित | १ | | |
| | | इन्जिनियर, इन्जि., सिभिल, स्यानिटरी | | | १ | | |
| ५. | ७००५/२०८१-८२ | इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | प्रदेश | वि.खस आर्य | १ | | |
| ६. | ७००६/२०८१-८२ | इन्जिनियर, इन्जि., सिभिल | स्थानीय | अपाङ्ग | १ | | |
| ७. | ७००७/२०८१-८२ | नापी अधिकृत, इन्जि., सर्भे | प्रदेश | खुला | १ | २०८१।०९।०७ दिनको ३.३० बजे | २०८१।०९।०८ बिहान ११.०० बजे |
| ८. | ७००८/२०८१-८२ | बाली विकास अधिकृत, कृषि, बाली विकास | प्रदेश | अन्तरतह | १ | २०८१।०९।१२ दिनको ३.३० बजे | २०८१।०९।१३ बिहान ११.०० बजे |
| | | कृषि अधिकृत, कृषि | स्थानीय | | २ | | |
| ९. | ७००९/२०८१-८२ | बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | प्रदेश | खुला | १ | | |
| | | कृषि अधिकृत, कृषि | स्थानीय | | ५ | | |
| १०. | ७०१०/२०८१-८२ | कृषि अधिकृत, कृषि | स्थानीय | महिला | १ | | |
| ११. | ७०११/२०८१-८२ | कृषि अर्थ विज्ञ, प्रदेश कृषि, एग्रि.इको. | प्रदेश | आ.ज. | १ | | |
| | | कृषि अधिकृत, कृषि | स्थानीय | | १ | | |
| १२. | ७०१२/२०८१-८२ | कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | प्रदेश | दलित | १ | | |
| | | कृषि अधिकृत, कृषि | स्थानीय | | १ | | |
| १३. | ७०१३/२०८१-८२ | कृषि अधिकृत, कृषि | स्थानीय | थारु | १ | | |
| १४. | ७०१४/२०८१-८२ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | स्थानीय | खुला | २ | २०८१।०९।११ विहान ८.०० बजे | २०८१।०९।१२ विहान ८.०० बजे |

प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १५. | ७०१५/२०८१-८२ | पशु विकास अधिकृत कृषि, ला.पो. एण्ड डे.डे. | स्थानीय | अन्तरतह | १ | २०८१।०९।१४ विहान ८.०० बजे | २०८१।०९।१५ विहान ११.०० बजे |
| १६. | ७०१६/२०८१-८२ | पशु विकास अधिकृत कृषि, ला.पो. एण्ड डे.डे. | स्थानीय | खुला | २ | | |
| १७. | ७०१७/२०८१-८२ | पशु विकास अधिकृत कृषि, ला.पो. एण्ड डे.डे. | स्थानीय | आ.ज. | १ | | |
| १८. | ७०१८/२०८१-८२ | मत्स्य विकास अधिकृत, कृषि, मत्स्य | प्रदेश | खुला | १ | २०८१।०९।१६ दिनको ३.३० बजे | २०८१।०९।१७ विहान ११.०० बजे |
| १९. | ७०१९/२०८१-८२ | मत्स्य विकास अधिकृत, कृषि, मत्स्य | प्रदेश | महिला | १ | | |
| २०. | ७०२०/२०८१-८२ | वन अधिकृत, वन, जनरल फरेस्ट्री | प्रदेश | अन्तरतह | १ | २०८१।०९।१९ दिनको ३.३० बजे | २०८१।०९।२० विहान ११.०० बजे |
| २१. | ७०२१/२०८१-८२ | वन अधिकृत, वन, जनरल फरेस्ट्री | प्रदेश | खुला | ३ | | |
| २२. | ७०२२/२०८१-८२ | वन अधिकृत, वन, जनरल फरेस्ट्री | प्रदेश | महिला | १ | | |
| २३. | ७०२३/२०८१-८२ | वन अधिकृत, वन, जनरल फरेस्ट्री | प्रदेश | अपाङ्ग | १ | | |
| २४. | ७०२४/२०८१-८२ | शाखा अधिकृत, शिक्षा, शिक्षा प्रशासन | प्रदेश | अन्तरतह | १ | प्रथम पत्र २०८१।०९।२१ दिनको ३.३० बजे | द्वितीय पत्र २०८१।०९।२२ विहान ११.०० बजे<br>तृतीय पत्र २०८१।०९।२३ विहान ११.०० बजे |
| २५. | ७०२५/२०८१-८२ | शाखा अधिकृत, शिक्षा, शिक्षा प्रशासन | प्रदेश | खुला | २ | | |
| | | शिक्षा अधिकृत, प्रशासन, शिक्षा प्रशासन | स्थानीय | | ३ | | |
| २६. | ७०२६/२०८१-८२ | शाखा अधिकृत, शिक्षा, शिक्षा प्रशासन | प्रदेश | महिला | १ | | |
| | | शिक्षा अधिकृत, प्रशासन, शिक्षा प्रशासन | स्थानीय | | १ | | |
| २७. | ७०२७/२०८१-८२ | प्राविधिक शिक्षा अधिकृत, शिक्षा, शिक्षा प्रशासन, विज्ञान | प्रदेश | खुला | १ | | तृतीयपत्र २०८१।०९।२४ विहान ११.०० बजे |
| २८. | ७०२८/२०८१-८२ | पुरातत्व अधिकृत, शिक्षा, पुरातत्व, पुरातत्व | प्रदेश | खुला | १ | २०८१।०९।१८ दिनको ३.३० बजे | २०८१।०९।१९ विहान ८.०० बजे |
| २९. | ७०२९/२०८१-८२ | मेडिकल ल्याव टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | प्रदेश | खुला | १ | २०८१।०९।२८ विहान ८.०० बजे | २०८१।०९।२९ विहान ८.०० बजे |
| ३०. | ७०३०/२०८१-८२ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | प्रदेश | अन्तरतह | १ | २०८१।०९।२६ दिनको ३.३० बजे | २०८१।०९।२७ विहान ११.०० बजे |
| ३१. | ७०३१/२०८१-८२ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | प्रदेश | खुला | २ | | |
| ३२. | ७०३२/२०८१-८२ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | प्रदेश | महिला | १ | | |
| ३३. | ७०३३/२०८१-८२ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | प्रदेश | आ.ज. | १ | | |

## ख. सातौं तहका अप्राविधिक पदहरू

| क्र. सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | ७५०१/२०८१-८२ | प्रशासकीय अधिकृत, प्रशासन, प्रशासन | प्रदेश | अन्तरतह | २ | **प्रथम चरण** २०८१।०९।०६ विहान ११.०० बजे | द्वितीय चरणको परीक्षाको परीक्षा कार्यक्रम प्रथम चरणको नतिजा प्रकाशनको बखत गरिनेछ। |
| | | लेखा अधिकृत, प्रशासन, लेखा | प्रदेश | | १ | | |
| | | प्रशासकीय अधिकृत, प्रशासन, प्रशासन | स्थानीय | | १ | | |
| २. | ७५०२/२०८१-८२ | प्रशासकीय अधिकृत, प्रशासन, प्रशासन | प्रदेश | खुला | ५ | | |
| | | लेखा अधिकृत, प्रशासन, लेखा | प्रदेश | | १ | | |
| | | प्रशासकीय अधिकृत, प्रशासन, प्रशासन | स्थानीय | | ३ | | |
| | | लेखा अधिकृत, प्रशासन, लेखा | स्थानीय | | १ | | |
| ३. | ७५०३/२०८१-८२ | प्रशासकीय अधिकृत, प्रशासन, प्रशासन | प्रदेश | महिला | २ | | |
| | | लेखा अधिकृत, प्रशासन, लेखा | प्रदेश | | १ | | |
| | | लेखा अधिकृत, प्रशासन, लेखा | स्थानीय | | १ | | |
| ४. | ७५०४/२०८१-८२ | प्रशासकीय अधिकृत, प्रशासन, प्रशासन | प्रदेश | आ.ज. | १ | | |
| | | लेखा अधिकृत, प्रशासन, लेखा | प्रदेश | | १ | | |
| ५. | ७५०५/२०८१-८२ | प्रशासकीय अधिकृत, प्रशासन, प्रशासन | प्रदेश | दलित | १ | | |
| ६. | ७५०६/२०८१-८२ | प्रशासकीय अधिकृत, प्रशासन, प्रशासन | स्थानीय | विपन्न खस आर्य | १ | | |
| ७. | ७५०७/२०८१-८२ | प्रशासकीय अधिकृत, प्रशासन, प्रशासन | स्थानीय | मुस्लिम | १ | | |

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

| क्र. सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| ८. | ७५०८/२०८१-८२ | तथ्याङ्क अधिकृत, प्रशासन, तथ्याङ्क | स्थानीय | खुला | १ | २०८१।०९।२८ दिनको ३.३० बजे | २०८१।०९।२९ दिनको १.०० बजे |

**परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक र अन्तरवार्ता (पाठ्यक्रममा तोकिए बमोजिम)।

**लिखित परीक्षाको माध्यम (भाषा):-** पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ ।

**परीक्षा केन्द्रः-** पोखरा ।

**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरूमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनु पर्नेछ। आयोगको अनलाइन दरखास्त प्रणाली https://onlineppsc.gandaki.gov.np/ मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइटमा हेर्न सकिनेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८१/०८/०४ सम्म र दोब्बर दस्तुर तिरी २०८१/०८/११ सम्म।

**उम्मेदवारको उमेरको हदः-** २०८१/०८/०४ सम्म पुरुष उम्मेदवारको हकमा २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको, महिला र अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको तर, स्वास्थ्य सेवाको हकमा २१ वर्ष उमेर पूरा भै ४५ वर्ष ननाघेको (संघीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।)

**दरखास्त दस्तुरः-** दरखास्त दस्तुर रु. १२०० (एक हजार दुई सय रुपैया) बुझाउनु पर्नेछ। अन्तर तह र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको प्रत्येकको लागि रू.४००।- (चार सय) का दरले परीक्षा दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् सिर्जित बैङ्क भौचर (Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको) प्रिन्ट गरी तोकिएको बैंकबाट नगद बुझाउन सकिनेछ। दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत बैङ्क भौचर सिर्जित भैसकेपछि तोकिएको Payment Service मार्फत् पनि भुक्तानी गर्न सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** २०८१।०८।१२ गते सम्म

**अपलोड गर्नुपर्ने कागजातहरूः-** उम्मेदवारले शैक्षिक योग्यता (लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र), समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएकै स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफनो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्वन्धी प्रचलित कानूनले तोके बमोजिम ।

**सेवा, शर्त र सुविधाः-** प्रचलित कानून बमोजिम ।

<u>खुला र अन्तर तहको लागि आवश्यक न्यूनतम योग्यताः</u>

१. **इन्जिनियर, इन्जिनियरिङ, सिभिल, जनरलः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

२. **इन्जिनियर, इन्जिनियरिङ, सिभिल, स्यानिटरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

३. **इन्जिनियर, इन्जिनियरिङ, सिभिल, इरिगेशनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

४. **इन्जिनियर, इन्जिनियरिङ, सिभिलः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

५. **नापी अधिकृत, इन्जिनियरिङ, सर्भे** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोम्याटिक्स इन्जिनियरिङमा स्नातक वा सो सरह उत्तीर्ण।

६. **कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसारः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी.एग्री. वा सो सरह उत्तीर्ण।

७. **बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी.एग्री. वा सो सरह उत्तीर्ण

८. **कृषि अर्थ विज्ञ, कृषि, एगृ.इको. एण्ड एगृ. मार्केटिङः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एग्री इकोनोमिक्स वा एग्री बिजनेस मुख्य विषय लिई बि.एस्सी.एग्री. वा सो सरह उत्तीर्ण।

९. **कृषि अधिकृत, कृषि, कृषिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी.एग्री. वा सो सरह उत्तीर्ण।

१०. **पशु चिकित्सक, कृषि, भेटेरिनरी** : मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.भि.एस्सी. एण्ड ए.एच. वा डि.भि.एम. वा सो सरह उत्तीर्ण।

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

**११.पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी. (एनिमल साइन्स वा डेरी साइन्स) वा वि.टेक. (डेरी टेक्नोलोजी वा लाभइष्टक एक्सटेन्सन) वा बि.भि.एस्सी. एण्ड ए.एच. वा सो सरह उत्तीर्ण।

**१२.मत्स्य विकास अधिकृत, कृषि, मत्स्य :** मान्यता प्राप्त शिक्षण संस्थाबाट मत्स्य पालन विषय लिई वि.एस्सी.एग्री/वि.भि.एस्सी./वि.एस्सी. पशु विज्ञान/बि.भि.एस्सी. एण्ड ए.एच. वा सो सरह उत्तीर्ण।

**१३.शाखा अधिकृत/शिक्षा अधिकृत, प्रदेश शिक्षा/स्थानीय प्रशासन, शिक्षा प्रशासनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

**१४.प्राविधिक अधिकृत, शिक्षा, शिक्षा प्रशासन, विज्ञानः** मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान मूल विषय लिई शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

**१५. पुरातत्व अधिकृत, शिक्षा, पुरातत्व, पुरातत्वः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट पुरातत्वमा स्नातक वा सो सरह उत्तीर्ण वा ईतिहास वा संस्कृतिमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा स्नातक वा सो सरह उत्तीर्ण गरी पुरातत्व वा नेतृत्व वा अभिलेख विज्ञानमा स्नातक उत्तीर्ण।

**१६.वन अधिकृत, वन, जनरल फरेस्ट्री :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर, वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन) वन संरक्षण, वन अनुसन्धान, वन व्यवस्थापन, भू तथा जलाधार व्यवस्थापन र वन्यजन्तु संरक्षण मध्ये कम्तीमा तीन विषय लिई वन विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण।

१७. **मेडिकल ल्याव टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे.,ज.मे.ल्या.टे.:** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजी विषयमा स्नातक तह उत्तीर्ण।

१८.**जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हे.ई.:** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक तह उत्तीर्ण।

१९.**प्रशासकीय अधिकृत, प्रशासन, प्रशासनः** मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण।

**२०.लेखा अधिकृत, प्रशासन, लेखाः** मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण।

२१.**तथ्याङ्क अधिकृत, प्रशासन, तथ्याङ्क** मान्यताप्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र, गणित, जनसङ्ख्याशास्त्र वा एप्लाइड स्टाटिस्टिक्स विषयमध्ये कुनै एक विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा तथ्याङ्क विषयसहित कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।

## अन्तर तह, खुला तथा समावेशी परीक्षाका लागि आवेदन दिँदा ध्यान दिनुपर्ने विषयहरू

(क) गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा १९ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

(ख) अन्तरतह प्रतियोगिताका लागि संघीय निजामती सेवा, प्रदेश निजामती सेवा, अन्य प्रदेशका प्रदेश निजामती सेवा र जुनसुकै स्थानीय तहको स्थानीय सेवाको एक श्रेणी वा तह मुनिको सम्बन्धित सेवाको पदमा कम्तीमा पाँच वर्ष सेवा अवधि पुरा गरेका र पूर्ति हुने पदका लागि तोके बमोजिमको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन्।

(ग) अन्तर तह, खुला र समावेशीतर्फको लिखित परीक्षा एकै मिति र समयमा हुनेछ (प्रत्येक सेवा/समूह र अन्तर तह, खुला तथा समावेशी समूहको लागि छुट्टाछुट्टै परीक्षा दिनु पर्ने छैन) ।

(घ) अन्तर तह, खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

(ङ) समावेशी समूहतर्फ लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरूले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन्। उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित कानुनी व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

(च) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ ।

## समावेशी समूहतर्फका विज्ञापनमा दरखास्त दिन चाहने उम्मेदवाहरुका लागि विशेष निर्देशन

(क) आदिवासी/जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ।

(ख) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

(ग) आर्थिक रूपले विपन्न खस/आर्यको हकमा प्रचलित कानून बमोजिम गरिबीको परिचय पत्र प्राप्त गरेको भए सो परिचय पत्र वा परिचय पत्र नभएको हकमा सम्वन्धित स्थानीय तहले कानून बमोजिम तोकिए भन्दा कम वार्षिक आय भएको विपन्न खस/आर्य समुदायको व्यक्ति भनी प्रदान गरेको सिफारिस पेश गर्नुपर्नेछ। यस सम्बन्धमा सिफारिस गर्ने स्थानीय तहका सम्बन्धित पदाधिकारीले उल्लेखित कुरा स्पष्ट रुपमा खुलाई विपन्न खस आर्य भनी प्रमाणित गर्नुपर्नेछ।

(घ) अपाङ्गता भएका व्यक्तिको हकमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र पेश गर्नुपर्नेछ।

(ङ) थारूको हकमा थारू आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा तर, थारू आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

(च) मुस्लिमको हकमा मुस्लिम आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा, तर, मुस्लिम आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

(छ) मधेशीको हकमा मधेशी आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा, तर, मधेशी आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

**<u>द्रष्टव्य</u>**

(क) अन्तरतह प्रतियोगिता तथा समावेशी समूहतर्फ छुट्टाइएको सबै वा केही पद पूर्ति हुन नसकेमा सोही वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति हुने भनी सेवा शर्तसम्बन्धी कानूनमा उल्लेख भएबमोजिम त्यसरी पूर्ति हुन नसकेका पद एकीन गरी खुलातर्फको पदसंख्यामा जोडी हुन आउने पदसंख्यालाई रिक्त पदसंख्या मानी लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ।

(ख) गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० को उपदफा (२) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ११ को उपदफा (२) बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र पाउनेछ।

(ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(घ) गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउने छैनन्।

(ङ) स्वास्थ्य सेवाको हकमा व्यावसायिक परिषद्को प्रमाणपत्र आवश्यक पर्ने पदमा दरखास्त दिने उम्मेदवारहरुले अनिवार्य रुपमा आफ्नो सेवा, समूहसम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भै म्याद कायम रहेको हुनुपर्नेछ।

(च) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(छ) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको कार्यालयमा लिखित निवेदन दिनुपर्नेछ।

(ज) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै सो को १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(झ) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ञ) सूचनामा उल्लेखित विषय वाहेक अन्य विषयहरू प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।

(ट) दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीको लागि वेवसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

(ठ) पाठ्यक्रम आयोगको वेबसाइट ppsc.gandaki.gov.np बाट प्राप्त गर्न सकिने छ।

**थप जानकारीका लागिः ०६१-४५७८७३**

Website:- **<u>http://ppsc.gandaki.gov.np</u>** **E-mail:** gandakipsc2076@gmail.com

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश